## न्यून आय भएका किसान लक्षित साना सोलार सिँचाई सम्बन्धी कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०८३

<u>प्रास्तवनाः</u> किसानहरूको आर्थिक एवं सामाजिक सुरक्षा सुनिश्चित गर्न न्यून आय भएका साना तथा सीमान्त किसानहरूको हितमा सोलार-आधारित सिँचाइ प्रविधिको पहुँच विस्तार गर्दै कृषि उत्पादन क्षमता वृद्धि गरी आर्थिक शसक्तिकरण गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेश विनियोजन ऐन, २०८३ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी खानेपानी, सिँचाई तथा ऊर्जा मन्त्रालय, कोशी प्रदेशले यो मार्गदर्शन तर्जुमा गरेको छ।

### परिच्छेद - एक

### <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस मार्गदर्शनको नाम "न्यून आय भएका किसान लक्षित साना सोलार सिँचाई कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०८३" रहेकोछ।

(२) यो मार्गदर्शन मन्त्रालयले स्वीकृत गरेको मितिबाट लागू हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा,-

(क) **"कार्यक्रम कार्यान्वयन "** भन्नाले न्यून आय भएका किसान लक्षित साना सोलार सिँचाई कार्यक्रम कार्यान्वयन सम्झनुपर्छ।

(ख) **"छनौट समिति"** भन्नाले यस मार्गदर्शनको दफा ५ बमोजिम गठन हुने समिति सम्झनुपर्छ।

(ग) **"मन्त्रालय"** भन्नाले खानेपानी, सिँचाई तथा ऊर्जा मन्त्रालय, कोशी प्रदेश सम्झनुपर्छ।

(घ) **"मन्त्री"** भन्नाले खानेपानी, सिँचाई तथा ऊर्जा मन्त्रालयको मन्त्री सम्झनुपर्छ ।

### परिच्छेद - दुई

### <u>छनौटको योग्यता, आधार र मापदण्ड</u>

३. <u>योग्यताः</u> देहाय बमोजिमको मापदण्ड पूरा गरेका किसान यस कार्यक्रमका लागि योग्य हुनेछन्:-

(क) नेपाली नागरिक भएको,

(ख) फुल, तरकारी र फलफुल खेती पेशामा आवद्द भएको,

(ग) यसअघि कुनै पनि सोलार सिँचाई अनुदान नपाएको,

(घ) अनुमानित वार्षिक आय खुलेको,र

(ङ) माथि खण्ड (क),(ख), (ग) र (घ) को बेहोरा खुलाई स्थानीय तहले सिफारिस गरेको।

कोशी प्रदेश सरकार
खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्रालय
विराटनगर, नेपाल

पुष्कर प्रसाद पोखरेल
प्रदेश सचिव

पुष्कर प्रसाद पोखरेल
प्रदेश सचिव

४. **छनौटको आधार र मापदण्डः** कार्यक्रमको आधार र मापदण्ड देहायबमोजिम हुनेछः-

(क) वार्षिक आय कमजोर भएकोलाई प्राथमिकता दिइनेछ।

(ख) फुल, तरकारी र फलफुल खेती पेशा अपनाएका किसानलाई प्राथमिकतामा राखिनेछ।

## परिच्छेद- तीन

## छनौट र छनौट समिति

५. **छनौट समिति गठनः** (१) कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमको छनौट समिति गठन गरिनेछः-

(क) मन्त्रालयको ऊर्जा महाशाखा प्रमुख - अध्यक्ष

(ख) मन्त्रालयको प्रशासन महाशाखा प्रमुख - सदस्य

(ग) मन्त्रालयको लेखा शाखा प्रमुख - सदस्य

(घ) मन्त्रालयको कानून शाखा प्रमुख - सदस्य

(ङ) मन्त्रालयको ऊर्जा शाखा हेर्ने इन्जिनियर - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आयोजना छनौट गरी प्रतिवेदन मन्त्रालयको सचिव समक्ष सिफारिस पेश गर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको सिफारिस उपयुक्त देखिएमा मन्त्रीस्तरीय निर्णयबाट अन्तिम छनौट हुनेछ।

६. **सूचना प्रकाशनः** (१) कार्यक्रमको बारेमा मन्त्रालयको वेबसाइटमा सूचना प्रकाशन गरिनेछ।

(२) आवश्यकता अनुसार सम्वन्धित स्थानीय तहमा समेत छनौटको आधारसहित सूचना पठाइनेछ।

(३) सूचना आवेदन मितिभन्दा कम्तीमा सात दिन अगाडि प्रकाशन गरिनेछ ।

७. **आवेदन पेश गर्ने तरिकाः** (१) इच्छुक किसानले स्थानीय तहले सिफारिस गरेको कागजातसहित मन्त्रालयमा आफै उपस्थित भई वा अनलाईन मार्फत आवेदन दिनुपर्नेछ।

(२) यस मार्गदर्शनमा जेसुकै कुरा लेखिएको भएतापनि सिँचाइको लागि खोलाबाट सिधै पम्प तान्न संभव हुने दफा ४ बमोजिमको योग्यता पुगेको किसानले समेत आवेदन पेश गर्न सक्नेछन्।

पुष्कर प्रसाद पोखरेल
प्रदेश सचिव

पुष्कर प्रसाद पोखरेल
प्रदेश सचिव

## परिच्छेद- चार

## विविध

८. अनुगमनः स्थानीय तह वा मन्त्रालयले आवश्यकता अनुसार अनुगमन गर्न सक्नेछ।

९. किसानको जिम्मेवारीः (१) अनुदान प्राप्त किसानले देहायको कुराहरू पालना गर्नुपर्नेछः-

(क) सोलार प्रणालीको नियमित मर्मत सम्भार,

(ख) प्रणालीको सुरक्षाको व्यवस्था, र

(ग) अनुगमनकर्तालाई सहयोग

१०. आर्थिक व्यवस्थाः आयोजना कार्यान्वयनमा मन्त्रालयको आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार विनियोजन भएको बजेट रकम खर्च गरिने छ।।

११. समन्वय गर्नु पर्नेः कार्यक्रम कार्यान्वयनमा सम्बन्धित जलस्रोत तथा सिँचाई विकास डिभिजनले आवश्यक समन्वय र प्राविधिक सहयोग गर्नेछ।

१२. प्रचलित कानून बमोजिम हुनेः यस मार्गदर्शनमा उल्लेखित विषयहरू यसै मार्गदर्शनबमोजिम र उल्लेख नभएका विषयको सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ।

१३. सशोधन गर्न सक्नेः मन्त्रालयले आवश्यकता अनुसार मार्गदर्शनको व्यवस्था प्रतिकूल नहुने गरी संशोधन गर्न सक्नेछ ।

कोशी प्रदेश सरकार
खानेपानी, सिँचाई तथा ऊर्जा मन्त्रालय
विराटनगर, नेपाल

पुष्कर प्रसाद पोखरेल
प्रदेश सचिव